**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 03.07.2025**

**बैगुने –पिकोक पार्क**

मुख्यमन्त्री प्रेमसिंह तामाङले जुम सालघारी निर्वाचन समष्टिको बैगुनेमा निर्माण हुने वृहत पिकोक पार्क परियोजनालाई लिएर आज स्थलगत निरीक्षण गर्नुभयो। भ्रमण क्रममा मुख्यमन्त्री प्रस्तावित ढाँचाको र जारी पूर्वाधार कार्यको समीक्षा गर्नुभयो। यो परियोजनाले परिस्थितिकी पर्यटनलाई प्रवर्द्धन गर्नका साथै क्षेत्रको प्राकृतिक आवासलाई संरक्षण गर्ने ठूलो संभावना रहेकोछ। श्री तामाङले गुणस्तरीय मापदण्डहरू कायम राख्न आग्रह गर्दै बैगुनेमा एक ऐतिहासिक पर्यटन गन्तव्य सिर्जना गर्ने दृष्टिकोणको महत्वको उल्लेख गर्नुभएकोछ।

**मंगरजुङ विकास परियोजना –मुख्यमन्त्री**

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज मंगशारीमा मंगरजुङ विकास परियोजना स्थलमा गएर जारी कार्य र प्रगतिको समीक्षा गर्नुभयो। भ्रमणको बेला मुख्यमन्त्रीलाई परियोजना अधिकारीहरूले हालको स्थिति र प्राप्त माईखुट्टीहरूबारे अवगत गराए। श्री तामाङले विकासको गतिबारे सन्तोष व्यक्त गर्दै टीमको समर्पण, समन्वय र कड़ा परिक्रमको प्रशन्सा गर्नुभयो।

**वन महोत्सव 2025- BSI**

भारतीय वनस्पति सर्वेक्षण, सिक्किम हिमाली क्षेत्रीय केन्द्र गान्तोकले वन महोत्सव 2025 मनाएको छ।

भारतको वार्षिक, साता भरि चल्ने वृक्ष- उत्सवलाई , एक सय एक वर्ष पुरानो Palzor Namgyal Girls School (PNG) गान्तोकका विद्यार्थी तथा शिक्षकहरूका साथ आज मनाइयो।

यस अवसरमा BSI गान्तोकले PNG स्कूलका अधिकारीहरूको सहयोगमा एउटा जड़ीबूटी औषधीय उद्यान बनाएर वन महोत्सवको थालनी गर्यो।

भारतीय वनस्पति सर्वेक्षण BSI, SHRC का वैज्ञानिक तथा कार्यलय प्रमुख डॉ राजीब गोगोईले वन- महोत्सव र यो वर्षको विषयवस्तु एक "पेड़ माँ के नाम" 2.O (ओ) को महत्वमा जोड़ दिदैं विद्यार्थीहरूका साथ कुराकानी गर्नुभयो। यस्तै प्रकारको सिक्किम राज्य सरकारको पहल 'मेरो रूख, मेरो सन्तति' ले पनि बिरूवा रोपण र विशेषगरि रोपेका रूखहरूको हेरचाहमा जोड़ दिन्छ।

**PM सूर्यघर- टाशीलिङ**

प्रधानमन्त्री सूर्य घर मुक्त बिजली योजनाका लागि दोस्रो राज्य स्तरीय समन्वय समितिको बैठक आज अपराहन् टाशीलिङ सचिवालयमा बस्यो।

मुख्य सचिव R Telang ले बैठकको अध्यक्षता गर्नुभयो भने सिक्किम नवीकरणीय ऊर्जा विकास एजेन्सीको टीमबाट प्रस्तुतिकरण गरियो जसको अगुवाई निदेशक जीवन थापाले गरेका थिए।

**प्रवीण खालिङ –चिया गफ**

राज्यका शिक्षा मन्त्री राजू बस्नेतले आज युवा साहित्यकार एवंम पत्रकार प्रवीण राई खालिङलाई वर्ष 2025 को डॉ शोभाकन्ति थेगिम लेप्चा स्मृति पुरस्कारले सम्मानित गर्नुभयो।

गान्तोकको चिन्तन भवनमा श्री खालिङलाई निबन्ध संग्रह- चिया गफका लागि यो प्रतिष्ठित पुरस्कारले सम्मानित गरियो।

डॉ शोभाकान्ति थेगिम लेप्चा स्मृति ट्रस्ट द्वारा आयोजित समारोहलाई सम्बोधन गर्दै मुख्य अतिथि मन्त्री बस्नेतले युवा पुस्तालाई परम्परा, रीति, संस्कृति अनि भाषा साहित्य हस्तान्तरण गर्न आग्रह गर्नुभयो। आर्यक्रममा अनुवादक एवमं वरिष्ठ पत्रकार सुवास दीपक, नाट्यकर्मी विक्रम गौतम अनि रूपा तामाङ साथै चित्रकार दिपा राईलाई अभिनंदन गरिएको थियो।

**गोपाल योन्जन- भूमि पूजा**

गीत संगीतको सागरमाथा वाग्योकार र युगपुरूष गोपाल योन्जनको तेस्रो स्मारक बनाउन भोलि डेलो पार्क, कालेबुङमा कार्यक्रम हुन गई रहेको छ। कार्यक्रममा प्रमुख अतिथि तिरानब्बे वर्षिय जैन सिंह लामा हुनुहुन्छ। सुर र शास्त्रीय संगीतका गुरू पनि हुनुहुन्छ कार्यक्रममा कालेबुङ लगायत दार्जिलिङ, खरसांग, मंगपुका वरिष्ठ अनि विशिष्ट कलाकार तथा कविहरूको उपस्थिति रहनेछ यो ऐतिहासिक कार्यक्रम गोपाल योन्जन प्रतिष्ठान दार्जिलिङ र गोपाल योजन्जन प्रतिष्ठान कालेबुङको पहलमा भईरहेकोछ।

**मौसम**

मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार गान्तोक र वरपरका क्षेत्रमा आजको अधिकतम तापमान 22 डिग्री सेल्सियस अनि न्यूतम तापमान 18.5 डिग्री सेलसियस रेकॉर्ड गरियो।

भोलि 5 जुलाई सामान्यतः आकाशमा बादल छाउने अनि सामन्य वर्षा हुने संभावनाछ। अधिकतम तापमान 23 डिग्री सेल्सियस र न्यूनतम साममान 19 डिग्री सेल्सियस रहने पूर्वानुमान छ।